"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधारः समृद्ध देवदहको आधार"

# कर सहभागित अभियान, २०८०

देवदह नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
केरवानी, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

**विषय प्रवेश :**

वित्तिय संघीयताले वित्तीय अधिकार [Fiscal Power] र वित्तीय जिम्मेवारी [Fiscal_ Responsibility] लाई सरकारका तहहरु बीच बाँडफाँड र समायोजन गरेको छ । खर्च गर्ने र कर लगाउने अधिकार र सार्वजनिक वित्त व्यवस्थापन गर्ने अधिकार र यसका जिम्मेवारीहरु सरकारका तहहरु बीच बाँडफाँड गरिएको छ । संघीयतामा खर्च गर्ने, कर लगाउने तथा यसको नियमन गर्ने अधिकार तीनै तहका सरकारहरु बीचमा बाँडफाँड हुने भए तापनि व्यवहारिकता तथा दक्षताका दृष्टिकोणले करका दरहरुबीच समन्वय गर्ने तथा नियमन गर्ने अधिकार सामान्यतया माथिल्लो तहको सरकारमा बढी रहेको हुन्छ ।

संघ प्रदेश र स्थानीय तह एक अर्का प्रतिस्पर्धि नभई परिपूरक हुन् । वित्तीय संघीयतालाई वर्तमान सविधानले संस्थागत गरेको छ । संविधानको धारा ५६ ले नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तिन तहको हुने र धारा २३२ ले तहहरुबीचको सम्बन्ध सहकारिता, सह अस्तित्व र समन्वयको सिद्वान्तमा आधारित हुने व्यवस्था गरेको छ । खर्च जिम्मेवारीको बाँडफाँड, राजस्व अधिकारको बाँडफाँड, वित्तीय हस्तान्तरण, आन्तरिक ऋण र प्राकृतिक स्रोत परिचालनका लागि लगानी प्रतिफलको बाँडफाँड गरी पाँचवटा आयामबाट विश्लेषण गर्न सकिन्छ ।

**स्थानीय तहको राजस्व अधिकार** : संघ प्रदेश र स्थानीय सरकारका राजस्व अधिकारको बाँडफाँडका विषयमा संविधान एवं कानूनी रुपमा स्पष्ट व्यवस्था गरिएको छ । जसमा स्थानीय तहको राजस्व अधिकार नेपालको संविधानको अनुसूची ८ को बुँदा नं चार र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ मा उल्लेख भए अनुसार स्थानीय तहको राजस्व अधिकार देहाय बमोजिम रहेका छन् ।

**कर राजस्व अन्तर्गत** : स्थानीय कर (सम्पत्ति कर, घरबहाल कर, सवारी साधन कर), विज्ञापन कर, व्यवसाय कर भूमिकर (मालपोत) मनोरञ्जनक कर आदि रहेका छन् भने गैर कर राजस्व अन्तर्गत घरजग्गा रजिष्ट्रेशन शुल्क पर्यटन शुल्क सेवा शुल्क दण्ड र जरिवाना पर्दछन् ।

**कर सहभागिता किन ?**

- कानून अनुसार स्थानीय तहलाई बुझाउनु पर्ने सबै प्रकारका कर, शुल्क, दस्तुर समयमै बुझाउने र बुझाउन लगाउने, वर्षभरी निरन्तर स्थानीय करको बारेमा चर्चा, परिचर्चा, सहजिकरण, सुझाव ग्रहण गर्ने अभियान हो । सबै नागरिकहरुले थोरै धेरै जति बुझाउनु पर्ने बुझाएर Tax Free भएको घोषणा गर्ने पद्वति हो ।
- यो अभियानमा स्थानीय तहको संचित कोषबाट तलब, भत्ता, सुविधा लिने व्यक्तिहरुले आफ्नो दायित्व अनिवार्य रुपमा तोकिएको समयमसम्म बुझाउनु हो । एउटा निश्चित समयपछि संचितकोषबाट सुविधा लिनेको हकमा No Tax, No Pay लागू हुने Methodology हो ।
- कर सहभागिता अभियान कुनै नौलो विषय होइन । स्थानीय तहका सबैले कानून अनुसार आफूले तिर्नुपर्ने कर तोकिएको समयमा बुझाउने, आफ्ना सबै प्रकारका व्यवसाय नगरपालिकामा दर्ता गर्ने । नगर सभाले दिएका छुट सुविधाहरुको उपयोग गर्ने अवसर हो । नागरिकहरुले अभ्यास गर्दै आएको काम हो । मात्र यसलाई अलिक अभियानको रुपमा अगाडि बढाउने कोहो नछुटुन र कोही नदोहोरियुन भन्ने नै हो ।

- स्थानीय तहमा खर्चका कैयौ योजनाहरु बनेका हुन्छन तर दुई पैसा कसरी कमाउने, कसरी बचत गर्ने, कसरी मितव्ययिता कायम गर्ने, लो कष्ट र नो कष्टका कामहरु कसरी सम्पन्न भन्ने सोचलाई मजबुत बनाउने अभियान कर सहभागिता अभियान हो ।
- यो अभियानसँगै जोडेर नगरपालिकाको प्रशासनिक खर्चमा मितव्ययिता, आर्थिक अनुशासन कायम गर्ने बेरुजु कम गर्न अभियान सुरु गर्ने लगायतका आन्तरिक नियन्त्रणका कामहरु सँगसँगै सुरु गर्नु पनि हो.
- झण्ट हेर्दा कर उठाउनको लागि मात्र यो अभियान सुरु गर्न लागेको देखिएता पनि यसको चुरोकुरो स्थानीय सरकारको नियमनकारी भूमिका बलियो बनाउनु । नागरिको अभिमतको कदर गर्नु हो ।
- समाजका अगुवाहरुले नगरपालिकालाई तिर्नु बुझाउनु पर्ने कर तिरेर नागरिकहरुलाई सद्मार्गमा डोर्याउने, समाजका अगुवाहरु रोलमोडका रुपमा प्रस्तुत हुने पद्वति पनि कर सहभागिता हो ।
- यो अभियानले स्थानीय कर प्रणालीलाई नागरिक सापेक्ष बनाउने, न्यूनतम थ्रेस होल्ड कायम गर्ने, निश्चित प्रकृतिका व्यवसाय र नागरिलाई कर छुट दिने, नागरिकका आवाजहरुलाई मनन गरी नागरिकमैत्री कर प्रणालीको विकास गर्नु हो ।
- स्थानीय तहहरु केन्द्रले दिएको पैसा खर्च गर्ने निकाय मात्र होइनन है । सबल आर्थिक केन्द्रको रुपमा विकसित हुने, आफ्ना सम्भावना पहिल्याउने, रोजगारीका अवसरहरु सृजना गर्ने, आर्थिक समृद्विका आधारहरुको पहिचान गर्ने, लगानी मैत्री वातावरण बनाउने जिम्मेवारी पनि रहेको छ भन्ने कुराको बोध गराउनु पनि हो ।
- झण्ट हेर्दा नागरिकलाई कर तिराउनको लागि हो कि भन्ने यदाकदा सुनिन्छ त्यो मात्र होइन सर्वप्रथम स्थानीय तह आफै रोलमोडल बन्नको लागि हो । नागरिकलाई कर तिर्नुहोस् भन्नु भन्दा अगाडि आफूले कर तिरेर, व्यवसाय दर्ता गरेर, आर्थिक अनुशासन बसेर नैतिक रुपले बलियो बनाउनु पनि यसको उद्वेश्य हो ।
- नगरपालिकालाई बलियो बनाउन : जबसम्म नगरपालिकाको नियमनकारी भूमिका बलियो हुँदैन तबसम्म नागरिकले नगरपालिका भएको महसुस गर्न सक्दैनन् । नगरपालिका नाममात्रको हुन्छ । संविधानले दिएको स्थानीय सरकारको हैसयतमा बस्ने वा गाविसको हैसियतमा बस्ने भन्ने विषय नगरपालिकाको नियमनकारी भूमिका टिकेको हुन्छ । फोहोरको अव्यवस्थित विसर्जन, न्यून करसहभागिता, न्यून व्यवसाय दर्ता नक्पा पास नगरी घर बनाउनु लगायतका अव्यवस्थित र नियमनकारी भूमिका कमजोर भएका सूचकका रुपमा चिनिन्छन् । नगरपालिकाले नागरिकका बंशदेखि अंश, गर्भदेखि मृत्युसम्मका कामहरुको व्यवस्थापन गर्नु स्थानीय सरकारको दायित्व भित्र रहेको हुन्छ । आगो, पानी, बाढी, खडेरी, अतिवृष्टि, अनावृष्टि हावा हुरी बत्ति बल्यो बत्ति बलेन बढी बल्यो बाटो विग्रियो धुलो उड्यो बांदर मकै खायो बाघ आयो मान्छे खायो लगायत सयौ कामहरु
- **व्यवसायिहरुको इमेज उच्च राख्न :** नगरपालिकामा दर्ता नभएका, व्यवसाय कर नतिरेका र नगरपालिकालाई उपेक्षा गरेका व्यवसायहरु बाबुआमालाई वृद्वाश्रममा राखेर आफू महलमा बसेका छोरा जस्ता हुन भन्ने शास्त्रीय भनाई पनि रहेको छ ।एउटा असल व्यवसायीले आफूले पनि कर तिर्छ र आफ्नो सरकारकोव

निगरानी पनि उत्तिकै गर्दछ भन्ने गरिन्छ । नगरपालिकामा व्यवसाय दर्ता गर्नु भएको लाईफ इन्सुरेन्स गरे जस्तै हो ।स्थानीय तहमा सूचीकृत नगर्ने र कानून बमोजिमको राजस्व नबुझाउनेहरुसँग स्थानीय तहको साइनो नभए जस्तै हो भन्ने कहावत पनि रहेको छ ।

- **आफ्नो मताधिकारको सम्मान गर्नका लागि :** हाम्रो अमूल्य मतबाट विजयी हुन भएका हाम्रा जनप्रतिनिधिहरुलाई जनताको हितका लागि काम गर्ने सन्दर्भमा बलियो बनाउने गरी कानून अनुसार स्रोत परिचालन गरी नागरिकका आकाक्षाहरु पूरा गर्न सक्न वातावरण सृजना गर्न गराउनको लागि पनि सक्नेले तिर्नु पर्दछ ।
- **नगरपालिकाबाट सुविधा लिनको लागि :** नगरपालिकाबाट प्राप्त हुने सेवा सुविधा सम्मान प्राप्त गर्न, स्थानीय सरकारलाई सुझाव प्रदान गर्नको लागि पनि नियमानुसार कर तिर्नु पर्दछ । नगरपालिकालाई नियमित कर तिर्नु भनेको व्यवसायहरुको विमा गरेजस्तै हो। कुनै भवित्वय परिहाल्य भने व्यवसाय दर्ता नियमित करदाताको हैसियले पनि क्षतिपूर्ति दावी गर्न सहज हुन्छ । स्थानीय सरकारले विना हिचकिचावट कानून अनुसारको क्षतिपूर्ति प्रदान गर्ने भएको हुँदा पनि कर सहभागितामा सक्रिय सहभागिताको अपेक्षा गरिएको छ
- **वित्तीय समानिकरण अनुदान प्राप्तिका लागि :** संघ तथा प्रदेश सरकारबाट राजस्व वांडफांड तथा वित्तीय समानिकरण अनुदान प्रदान गर्दा राजस्व संकलनमा गरेको प्रयास, आन्तरिक स्रोत परिचालनको विद्यमान अवस्थालाई समेतलाई आधार मानेर वित्तीय समानिकरण अनुदान उपलब्ध गराईने भएको हुँदा आन्तरिक राजस्व परिचालन अपरिहार्य भएको छ । कर सहभागिता अभियानमा सबै नगरबासीहरुको सक्रिय सहभागिताको अपेक्षा गरिएको छ।
- **समपूरक अनुदान प्राप्त गर्नको लागि :** संघीय स्रोतको बाँडफाँड गर्ने विभिन्न मोडालिटीहरु मध्ये समपूरक अनुदान पनि एक हो । जसमा स्थानीय सरकारको पचास प्रतिशत र प्रदेश र संघीय सरकारको कम्तिमा पचास प्रतिशत योगदान सहित आयोजना छनौट गर्ने अभ्यास रहेको छ । यसरी आयोजना छनौट गर्दा आन्तरिक आय कम भएका स्थानीय तहरुले कम योगदान गर्ने र बढी आय भएका स्थानीय तहहरुले बढी योगदान गर्दा कम आय हुने स्थानीय तहले स्वतः कम स्रोत प्राप्त हुने निश्चित भएको हुँदा पनि आन्तरिक स्रोत परिचालनलाई स्थानीय तहले पहिलो प्राथमिकता बनाउनु पर्दछ यसको लागि पनि कर सहभागिता अभियान जरुरी छ ।

**कर सहभागिता अभियान घोषणा भए पछि गरिने क्रियाकलाप**

- यो अभियान घोषणा भएसँगै **"लो कष्ट र नो कष्ट"** का कामहरुबाट अभियानलाई अगाडि बढाइने छ ।
- वडा कार्यालयहरुलाई अध्यक्षज्यूले नेतृत्वदायी भूमिका निर्वाह भूमिका निर्वाह गर्ने गरी परिपत्र गरिन्छ । र वडा कार्यालयले आफ्नो मौलिक ढाँचामा अभियान संचालन गर्नेछ ।
- संचितकोषबाट तलब भत्ता लगायत अन्य सुविधा लिनेहरुले अनिवार्यरुपमा स्थानीय कर चुक्ताको निस्सा सम्बन्धित शाखा कार्यालय वा प्रशासनमा बुझाउनु पर्नेछ । संचितकोषबाट तलब भत्ता बुझ्नेको हकमा **नो ट्याक्स नो पे**को नीति लागू हुनेछ ।

- नगरपालिकाको कोषबाट योजना प्राप्त गर्ने, अनुदान प्राप्त गर्नेहरुले पनि ट्याक्स फ्रि भएको निस्सा क्रमश बुझाउनु हुनेछ ।
- सबै सार्वजनिक स्थलहरुमा मैले स्थानीय कर तिरे यहाँले तिर्नु भयो ? भन्ने सन्देशमूलक सूचनाहरु टाँस गरिनेछ ।
- राजश्व परामर्श समितिको अगुवाईमा राजस्व प्रशासनले सहजिकरणको काम आरम्भ गर्नेछ ।
- स्थानीय करलाई नागरिकको जीवनशैलीको रुपमा विकास गरिनेछ ।
- स्थानीय तहको जिम्मेवारीमा रहनु भएका सबैलाई आर्थिक मितव्ययिता काम गर्न र गराउनको लागि परिपत्र गरी निरन्तर अनुगमन समिते गरिनेछ

**यो अभियान कहाँ कहाँ सुरु भएको छ ?**

- हाम्रो छिमेकी नगरपालकिका तिलोत्तमा नगरपालिका ५ करोड राजस्व परिचालन क्षमताबाट ५० करोड राजस्व परिचानल क्षमतामा पुगेको छ । सन्धिखर्क नगरपालिका जुन १ करोडबाट ७ करोड आन्तरिक आय पुर्याउन सफल भएको छ । त्यसैगरी बर्दघाट नगरपालिका, वाणगंगा नगरपालिका र कीर्तिपुर नगरपालका काठमाण्डौमा यो अभियान सुरु भई नागरिक मैत्री करप्रणालीको निर्माण भएको पछिल्ला उदाहरणहरु रहेका छन् ।

**कर छुट दिएका क्षेत्रहरु :**

- आ.व.०८०।०८१ मा बुझाउनु पर्ने सम्पत्ति कर, भूमीकर तथा अव्यवस्थित बसोबास व्यवस्थापन वापत बहाल बिटौरी शुल्क ०८० आश्विन मसान्त भित्र बुझाएमा कर रकमको १० प्रतिशतले हुने रकम र ०८० पौष मसान्त भित्र बुझाएमा ५% ले हुने रकम छुट दिईनेछ ।
- एकल महिलाको नाममा रहेको सम्पत्तिमा र निजले संचालन गरेको व्यवसायमा लाग्ने वार्षिक कर रकममा पन्ध्र प्रतिशत छुट दिईनेछ ।
- कम्तिमा तीस जना नेपाली नागरिकलाई रोजगारी दिने उत्पादनमुलक चालु उद्योगको नाममा रहेको सम्पत्तिमा लाग्ने करमा पन्ध्र प्रतिशत छुट दिईनेछ ।

**नविकरण गर्दाका बखत मात्र छुट पाउने**

- आ.व.०८०।०८१ को व्यवसाय कर ०८० आश्विन मसान्त भित्रै बुझाएमा कर रकमको १० प्रतिशतले हुने रकम र ०८० पौष मसान्त भित्र बुझाएमा कर रकमको ५ प्रतिशतले हुने रकम छुट दिन सकिनेछ ।

**दर्ता वा नविकरण गर्दाका बखत छुट पाउने**

- कृषि उपज उत्पादन तथा पशुपंछीपालन व्यवसायमा लाग्ने व्यवसाय करको १५% ले हुने रकम छुट दिईनेछ।
- महिला मात्र सदस्य भएको सहकारी संस्थाको व्यवसाय करमा २५% छुट दिईनेछ ।
- वातावरण प्रदुषण कम गर्ने प्लाण्ट जडान गरि वातावरण प्रदुषण कम गर्ने उद्योग र आफ्नो उत्पादन प्लाष्टिकको सट्टामा कपडा वा कागजमा प्याकिङ्ग गर्ने उद्योगलाई लाग्ने व्यवसाय करमा ५०% ले हुने रकम छुट दिईनेछ ।

- नेपालीलाई मात्र रोजगार दिई कम्तिमा पाँच सय पर्यटक (आन्तरिक र बाह्य) होटल व्यवसायीको व्यवसाय करमा २५% छुट दिईनेछ ।
- "ख" र "ग" वर्गका अपाङ्गता भएका व्यक्तिले संचालन गरेका उद्योग व्यवसायमा लाग्ने व्यवसाय करमा शत प्रतिशत छुट दिइने छ ।
- अपाङ्गता भएका व्यक्ति वा महिला स्यमंले ठेला, रिक्सा, ई-रिक्सा तथा टेम्पो सञ्चालन सम्बन्धी व्यवसाय गरेको भए त्यस्ता साधन दर्ता, नविकरण वा नामसारी गर्दा लाग्ने दस्तूरमा २०% छुट दिईनेछ । तर त्यस्ता व्याक्तिको नाममा दर्ता गरि अन्य व्यक्तिले सञ्चालन गरेको भएमा यो छुट दिईनेछैन ।
- आर्थिक ऐन बमोजिम घरबहाल कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुले एकमुष्ठ वार्षिक कर अग्रिम रुपमा ०८० आश्विन भित्र बुझाएमा जम्मा कर रकमको १०% ले हुने रकम छुट दिइनेछ ।
- नगरपालिकामा दर्ता हुने कृषि प्रयोजनका लागि निर्माण हुने भवन र सामुदायिक विद्यालयको भवनको नक्सापास गर्दा लाग्ने नक्सापास दस्तूरको शत प्रतिशत छुट दिन सकिनेछ ।
- नगरपालिकामा स्थापना हुने तरकारी तथा फलफुल र पशुपंछि बजारको लागि आवश्यक पर्ने ट्रस निर्माण गर्दा लाग्ने नक्सापास दस्तूरको पचास (५०) प्रतिशत छुट दिन सकिनेछ ।
- सरकारले तोकेको समर्थन मुल्यमा कृषि उपज खरिद गरि भण्डारण गर्ने सहकारीलाई भण्डार घर निर्माण गर्दा लाग्ने नक्सापास दस्तूरको शत प्रतिशत छुट दिन सकिनेछ ।
- उल्लेखित बमोजिमको सहुलियतका लिनका लागि यसको पुष्टि गर्ने प्रमाण अनिवार्य रुपमा पेश गर्नुपर्नेछ

**बक्यौतामा हर्जाना लाग्नेः**

- हरेक चालु आ.व.को कर चालु आ.व. भित्रै बुझाउनु करदाताको कर्तव्य हुनेछ ।
- आ.व.०८०/०८१ भन्दा अगाडिका आ.व.मा तत्कालिन आर्थिक ऐन बमोजिम यस नगरपालिकालाई कर तिर्ने दायित्व भएका करदाताले चालु. आ.व. ०८०/०८१ मा कर बुझाउन ल्याएमा असोज मसान्तसम्म १० प्रतिशत र असोज मसान्त पश्चात २० प्रतिशत हर्जाना सहित कर बुझाउनु पर्नेछ । साथै आर्थिक वर्ष ०८०/०८१ मा बुझाउनुपर्ने कर ०८१ असार मसान्त भित्र बुझाउनु पर्नेछ नबुझाई बक्यौता रहेमा तत्पश्चात २० प्रतिशत हर्जाना लाग्नेछ ।
- आन्तरिक राजस्व कार्यालयबाट स्थाई लेखा नं. लिएका तर वार्षिक रुपमा कर चुक्ता नलिई बसेका व्यवसायहरुलाई आन्तरिक राजस्व कार्यालयले बक्यौता करमा विशेष छुटको अवसर दिई वा नदिई कर चुक्ताको लागि आव्हान गरेमा यस प्रयोजननको लागि वडाबाट सिफारिस दिनुपरेमा आ.व. ०७४/०७५ देखिको व्यवसाय कर लिएर मात्र सिफारिस दिनुपर्नेछ ।
- व्यवसाय कर तिर्ने दायित्व भएका कुनै करदाताले आफ्नो व्यवसाय बन्द गनुपर्ने भएमा तोकिएको दरमा चालु आर्थिक वर्ष भन्दा अगाडिको सम्पूर्ण कर र सो करमा लाग्ने हर्जाना चुक्ता गर्नुपर्नेछ । तर चालु आर्थिक वर्षको आश्विन मसान्त भित्र बन्द गरेमा चालु आ%मा लाग्ने करको २५.व., पौष मसान्त भित्र बन्द गरेमा ५०% र तत्पश्चात बन्द गरेमा सबै कर चुक्ता गर्नुपर्नेछ ।
- एकमुष्ट रुपमा बार्षिक फोहरमैला व्यवस्थापन शुल्क असोज मसान्त सम्म बुझाउनेको हकमा १० महिना बापतको जम्मा हुन आउने रकम बुझाई बाकीं २ महिनाको शुल्क छुट दिइनेछ ।